bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक



हाम्रो सेवा डुम्रे र आँबुखैरेनीमा
खड्गमाई मोटर्स
प्रो. क्रमश श्रेष्ठ
९८४३३५३९१६
डुम्रे, तनहुँ । फोन : ०६५-६९०२९५
आँबुखैरेनी, तनहुँ । फोन : ०६५-५४००४५

वर्ष ३९ अंक २६७ | २०७७ फागुन ०९ गते आइतबार, नेपाल सम्वत् ११४१ February 21, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# दमौली अस्पतालमा थाइराइड, आँखा र दाँत उपचारको सेवा शुरू

## सेवाग्राहीलाई सहज रूपमा औषधि उपलब्ध गराउन पनि ध्यान दिनुस् : उपप्रमुख जोशी

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

वि.सं. २०३४ सालमा स्वास्थ्यचौकीको रूपमा स्थापना भई हाल अस्पतालका रूपमा सेवा प्रवाह गर्दै आएको दमौली अस्पतालले विभिन्न उपचार सेवाहरू थप्दै गएको छ । वि.सं. २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रको रूपमा स्तरोन्नति भई वि.सं. २०५९ सालमा अस्पतालको रूपमा स्तरोन्नति भएको दमौली अस्पताललाई अत्याधुनिक बनाउने प्रयास भइरहेको छ । यही प्रयास अन्तरगत शुक्रबारबाट दमौली अस्पतालमा थाइराइड, आँखा र दाँत सेवा शुरू गरिएको छ। अस्पताललाई व्यवस्थित एवं अत्याधुनिक बनाउने प्रयास स्वरूप यी सेवाहरू सञ्चालनमा ल्याएको हो । थाइराइड, आँखा तथा दाँत सेवाको शुक्रबार व्यास नगरपालिकाका उपप्रमुख मीरा जोशी र दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीले संयुक्त रूपमा उद्घाटन गरी शुभारम्भ गरिएको छ ।



दमौली अस्पतालमा थाइराइड, आँखा र दाँत उपचारको सेवा शुभारम्भ गर्दै व्यास नगरपालिकाकी उपप्रमुख मीरा जोशी र अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारी ।
*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

अस्पतालले थप गरेको सेवा शुभारम्भ गर्दै नगर उपप्रमुख जोशीले सदरमुकाममा रहेको जिल्ला अस्पतालमा सेवा विस्तार हुनु खुसीको कुरा भएको बताइन्। 'न्यून आयस्तर भएका सर्वसाधारणले स्वास्थ्य उपचार सेवा लिने सरकारी अस्पताललाई अत्याधुनिक र सहज रूपमा उपचार सेवा लिन सक्ने बनाउनुपर्छ', उपप्रमुख जोशीले भनिन्, 'अस्पताललाई आधुनिक उपकरण थप्दै त गइएको छ तर, सर्वसाधारणले निःशुल्क पाउनुपर्ने औषधीहरू सहजै प्राप्त गर्न नसकेको गुनासो पनि बढ्दै गएको हुँदा यस तर्फ अस्पताल प्रशासन तथा अस्पताल व्यवस्थापन समितिले ध्यान दिनुपर्छ ।'

'दमौलीका मात्रै नभई छिमेकी जिल्लाका सर्वसाधारणले समेत उपचार सेवा लिने यो अस्पताललाई सबै क्षेत्रबाट सहयोग र साथको खाँचो छ', उपप्रमुख जोशीले भनिन्, 'अस्पतालको स्तरोन्नतिका लागि जग्गाको व्यवस्थापन तथा अन्य सेवा सुविधा थप गर्नका लागि आवश्यक सहयोग सहकार्यका लागि नगरपालिका सकरात्मक रहेको छ ।'

दमौली अस्पताललाई सरकारले ३५ शैय्या खरिदका लागि बजेट उपलब्ध गराइसकेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीले बताए। सामान्य उपचारका लागि पोखरा, चितवन र काठमाडौं जानुपर्ने अवस्थाको अन्त्य गर्नका लागि अस्पताल सुधारको कामलाई तीब्रता दिइएको छ भने नयाँ नयाँ उपकरण पनि थप भइरहेको अध्यक्ष अधिकारीले बताए ।

दमौली अस्पतालबाटै थाइराइड सेवा शुरू भएपछि सर्वसाधारण यसको उपचारका लागि महङ्गो शुल्क तिरेर अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य हुने र निजी ल्याब भन्दा ४० प्रतिशत कम शुल्कमा अब अस्पतालले नै थाइराइडको परीक्षण गर्ने व्यवस्था मिलाएको अध्यक्ष अधिकारीले जानकारी गराए ।

अस्पताललाई गण्डकी प्रदेश सरकारले १० लाख रूपैयाँ मूल्य पर्ने थाइराइड परीक्षण

*बाँकी तेश्रो पेजमा*

# व्यासले सडक बोर्डबाट १ करोड १५ लाख पायो, ९ करोड २२ लाख आन्तररिक आय

## ज्येष्ठ नागरिकहरूको आँखा परिक्षणका लागि ४ दिने आँखा शिविर सञ्चालन गर्ने

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँको व्यास नगरपालिकाले चालु आर्थिक वर्षका लागि सडक बोर्डबाट १ कसोड १५ लाख रूपैयाँ रकम प्राप्त गरेको छ । उक्त प्राप्त रकमबाट ३० प्रतिशत लागत सहभागिताबाट नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ७, १० र ११ अन्तरगतका सडक, नाला, कल्भर्ट मर्मत कार्य यसैवर्ष सम्पन्न गर्ने गरी स्वीकृतिका लागि सडक विकास बोर्डमा पठाउने भएको छ । नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा शुक्रबार बसेको कार्यापालिकाको नियमित बैठकले उक्त निर्णय गरेको हो । यस्तै, बैठकमा चालु आवको माघ मसान्तसम्म नगरपालिकाले ९ करोड २२ लाख १३ हजार ९८० रूपैयाँ आन्तरक आय गरेको राजश्व उपशाखाले जानकारी गराइएको थियो।

बैठकले विपद् व्यवस्थापन अन्तरगत असार श्रावणमा आएको बाढी पहिरोले क्षती पुऱ्याएका बाँध, कुला र खेतहरूलाई पुनःस्थापना गर्न नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाध्यक्ष र विपद् उपशाखा प्रमुख रहेको एक समिति गठन गर्ने र स्थलगत अध्ययन गरी आवश्यक निर्णय लिन जिम्मेवारी दिने निर्णय गरेको छ ।

यस्तै, गण्डकी प्रदेश सरकारबाट काठेपोल विस्थापन गर्न गत वर्ष प्राप्त स्टिल पोलहरू गाड्न विद्युत प्राधिकरण तनहुँ र शिशाघाट सामुदायीक विद्युतीकरण समितिलाई अनुरोध गर्ने र नगरपालिकालाई करीव २ हजार ७०० पोल गण्डकी प्रदेश सरकारसँग माग गर्ने निर्णय गरेको बताइएको छ । भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको घरजग्गा दर्ता सम्बन्धमा भए गरेका कार्यहरूको समिक्षा गर्दै बैठकले अत्याधिक चाप भएका वडा नं. ५, १० र १२ मा आवश्यक जनशक्ति थप गर्ने निर्णय गरेको छ ।

त्यस्तै, व्यास नगरपालिका

*बाँकी तेश्रो पेजमा*







ग्रिनरी भानु सप्लायर्स



एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक विक्रेता
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
सम्पर्क: ०६५-५६२६८७, ९८५६०६०३४७
सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला

## आवश्यकता

**पढ्नको लागि कोठा** (Sole Implementing Partner of Room to Read Nepal) एक राष्ट्रिय गैरसरकारी संस्था हो । यस संस्थाले प्राथमिक तहका बालबालिकामा पढ्ने बानी र पढ्ने सीपको विकास गराउनुका साथै बालिकाहरूलाई माध्यमिक तहसम्मको शिक्षा हासिल गराउने र जीवनोपयोगी सीपको माध्यमबाट जीवनका महत्वपूर्ण निर्णयहरु लिन सक्षम बनाउने उद्देश्य अनुसार काम गरिरहेको छ। यस संस्थाबाट Room to Read Nepal Funded Project अन्तर्गत निम्न पदका लागि इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

**कार्यक्रम : बालिका शिक्षा कार्यक्रम**
**पद : सामाजिक परिचालक (Social Mobilizer), महिला**
**पद संख्या : १**
**कार्यक्षेत्र : तनहुँ**

सामाजिक परिचालक (बालिका शिक्षा कार्यक्रम) ले विद्यालय, अभिभावक र समुदायसँग निरन्तर सम्बन्ध स्थापित गरी सहभागी बालिकाहरूको प्रगति अभिलेख अद्यावधिक गर्ने, जीवनोपयोगी सीप प्रदान गर्ने र बालिकाहरूलाई पढाइ पूरा गर्नको लागि मेन्टोरीङ गर्नेछन् । यसको साथै सामाजिक परिचालकले बालिका शिक्षा कार्यक्रमको **'कार्यक्रम सहायक'** समक्ष मासिक रूपमा प्रगति विवरण पेश गर्नुपर्नेछ ।

**छनौटका प्रमुख आधारहरु :**

- शिक्षा संकाय एवं सामाजिक विषयमा स्नातक वा सो सरह उत्तीर्ण
- सम्बन्धित क्षेत्रको अनुभव तथा लैंगिकताको क्षेत्रमा कार्य अनुभव प्राप्त उम्मेदवारलाई ग्राह्यता दिइनेछ
- समुदाय स्तर र सम्बन्धित क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको अनुभव
- विद्यालय शिक्षण तथा शिक्षण सम्बन्धी अनुभव प्राप्त उम्मेदवारलाई प्राथमिकता दिइनेछ
- नेपाली तथा स्थानीय भाषामा मौखिक र लिखित भाषिक सीप
- अंग्रेजी भाषामा सामान्य बोल्न र लेख्न तथा प्रतिवेदन तयार पार्न सक्ने सीप
- स्थानीय परिवेश तथा माध्यमिक शिक्षा प्रणालीको राम्रो बुझाई
- बालिका शिक्षा क्षेत्रमा काम गर्न अभिरूचि र लगाव
- जुनसुकै समुदाय तथा परिवेशमा घुलमिल हुन, सजिलैसँग काम गर्न र बोल्न सक्ने
- सहजीकरण सीप र ज्ञान
- सकारात्मक धारणा र सामुदायिक परिचालन सम्बन्धी ज्ञान तथा सीप
- बालिकाहरूका लागि तालिम सञ्चालन गर्न सक्षम

**आवेदन प्रक्रिया :**

यस पदमा आवेदन दिन चाहने इच्छुक उम्मेदवारले कम्तिमा ५ सय शब्दसम्मको आवेदन पत्र, व्यक्तिगत विवरण (CV) र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो **"Application for Social Mobilizer, Girls' Education Program-Tanahun"** विषय उल्लेख गरी **nepal.hiring@roomtoread.org** ई-मेल ठेगानामा अनिवार्य पठाउनु पर्नेछ ।

**कार्यालय :**
**पढ्नको लागि कोठा (रूम टु रिड) क्षेत्रिय कार्यालय**
व्यास-४, दमौली, तनहुँ, फोन : ०६५-५६४४०५
**सूचना प्रकाशित मिति** : फागुन ९ आइतबार, २०७७
**आवेदन दिने अन्तिम मिति** : फागुन १८, मंगलबार २०७७

# यी अंगहरूमा परफ्युमको प्रयोग खतरनाक

घर बाहिर निस्कनुअघि हामी सबै परफ्युमको प्रयोग गर्छौं । शरीर तथा कपडाबाट आउने दुर्गन्ध कम गर्न अथवा बास्नादार बन्न अनि व्यक्तित्वलाई निखारता प्रदान गर्न परफ्युमको प्रयोग गरिन्छ। प्रायः हामी परफ्युमको प्रयोग नाडी, कान, गला जस्ता शरीरका अंगमा गर्छौं। किनकी यी अंगहरूमा लगाएको परफ्युम धेरैबेर टिकाउ हुने र बास्ना पनि आउने हुन्छ । तर, परफ्युम शरीरको अंगमा लगाउनु सही हो त ? परफ्युमको प्रयोग शरीरको कुन कुन अंगमा प्रयोग गर्दा यसको असर धेरै हुन्छ त ? शरीरका कतिपय अंगहरू निकै संवेदशील हुन्छन् भने परफ्युम



केमिकलयुक्त । बास्नाको नाममा शरीरका जुनै भागमा पनि परफ्युम प्रयोग गर्नु खतरनाक सावित हुनसक्छ ।

**हातमा लगाएर रगड्न हुँदैन**

धेरैमा परफ्युमको प्रयोग गर्नुअघि हातमा लगाएर दुई हात रगडेर सुँघ्ने बानी छ । तर यसो गर्दा बास्नामा कमि आउने गर्छ र लामो समयसम्म पनि टिक्दैन । त्यसैले नारीमा परफ्युमको प्रयोग गर्न सकिन्छ जसले गर्दा दिनभरी टिकाउ पनि हुन्छ ।

**कपालमा प्रयोग गर्नुअघि**

कतिपय मानिसहरू कपालमा पनि परफ्युमको प्रयोग गर्ने गर्छन् तर यस्तो बानी तपाईंको कपालको लागि खतरनाक साबित हुनसक्छ। किनकी परफ्युममा अल्कोहलको प्रयोग भएको हुन्छ । जसको प्रयोगले कपाल सुख्खा हुने र टुक्रिने गर्छ।

**कानको पछाडि**

सामान्यता: महिलाहरू कानपछाडि परफ्युमको प्रयोग गर्छन् । कानको पछाडिको भाग अति संवेदनशील भाग हो । र, यो भाग सुख्खा पनि हुन्छ । परफ्युम सुख्खाभन्दा चिल्लो छालामा धेरैबेर टिक्छ । परफ्युममा भएको केमिकल र अल्कोहलले छालालाई झनै धेरै सुख्खा बनाइदिन्छ । त्यसैले कान पछाडि परफ्युम लगाउनुअघि मोस्चराइजरको प्रयोग गर्नुपर्छ।

**नुहाउनेवित्तिकै**

नुहाउनको लागि शावर जेलको प्रयोग गर्नु फाइदाजनक मानिन्छ। नुहाउँदा बास्नादार साबुन र शरीर पुछेर परफ्युमको प्रयोग गर्नुहोस् । यदि बास्ना लामो समय रहिराखोस् भन्ने चाहानुहुन्छ भने तातो पानीले नुहाउनुहोस् । जसले छालाका छिद्र खुलाउँछ । त्यसपछि परफ्युम प्रयोग गर्दा लामोसमयसम्म पसिना गन्हाउने समस्याको समाधान हुन्छ । तर, शरीरको छालालाई नरम र स्वस्थ्य राख्नको लागि बडि लोशनको प्रयोग गर्नु उचित हुन्छ ।

**प्राइभेट पार्टको आसपास**

यदि तपाईं छोटो कपडा लगाउँदै हुनुहुन्छ र जाँघकोबिचमा परफ्युम लगाउँदै हुनुहुन्छ भने सावधान हुनुहोस् । उक्त भागमा परफ्युम लगाएर हिँडडुल गर्दा घर्षण हुने र चिलाउने समस्या हुन्छ ।

**कपडा र गहनामा लगाउँदा**

महिलाहरू कपडा र गहनामा परफ्युम लगाउँने गर्छन् । तर, परफ्युमको प्रयोगले कपडा र गहनामा खराबी आउँछ ।

**काखीमूनी**

कहिल्यैपनि सीधा काखीमूनी परफ्युमको प्रयोग गर्नुहुँदैन । शरीरको संवेदनशील भाग मध्ये काखीमूनीको भाग पनि संवेदनशील हुने भएकाले परफ्युमको प्रयोगले चिलाउने र पोल्ने समस्या उत्पन्न हुनसक्छ । एजेन्सी

# लेकको आलु पहाडको मुख्य हिउँदे खेती

झण्डै साढे तीन दशकको अन्तरालमा लेकबाट ल्याइएको आलुको बीउबाट शुरूआत गरिएको कास्कीको आलुखेती पछिल्ला वर्षमा हिउँदे खेतीको मुख्य पहिचान जस्तै बनेको छ । मुस्ताङको लेतेबाट ल्याइएको वर्षे सेतो आलुका साथै कास्कीको घान्द्रुक र छोम्रोङबाट ल्याइएको रातो डल्ले आलुको बीउ लगाएर जिल्लाका हेम्जामा शुरू गरिएको आलु खेतीले पछिल्ला दिनमा जिल्लामा नै व्यावसायिक रूप लिएको हो । तीन दशक अघिसम्म फाट्टफुट्ट हुने गरेको आलुखेती पछिल्ला वर्षमा जिल्लाका हेम्जाका साथै विभिन्न स्थानमा विस्तार भएको कृषक बताउँछन् । हेम्जाको आलु देशका प्रमुख शहरमा बिक्री हुने गरेको छ। आलुखेती प्रतिको बढ्दो आकर्षणसँगै हेम्जा आलु गाउँका रूपमा परिचित बनिसकेको छ । कास्की र आसपासका क्षेत्रमा हेम्जाको आलुको माग बढेसँगै यसले विस्तारै व्यावसायिक रूप लिँदै गएको हो । स्थानीयवासीका अनुसार २०४५/४६ सालदेखि हेम्जामा केही मात्रामा आलुखेती विस्तार भई २०५४/५५ सालयता क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेले आफ्नो बाह्य अनुसन्धानस्थल स्थापना गरेपछि यो ठाउँ आलुखेतीका लागि प्रसिद्ध बन्दै गएको हो ।



हेम्जामा आलुखेतीको बढ्दो विस्तारसँगै यसको विशिष्टिकृत पहिचानमा सहयोग पुऱ्याउने लक्ष्यका साथ विगत १० वर्षयता लगातार आलु महोत्सव गर्दै आइएको अगुवा कृषक चित्रनाथ पौडेलले जानकारी दिनुभयो । 'सुन्दर ठाउँ हेम्जा जाउँ, आलुका स्वादिष्ट परिकार खाउ, आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ गर्दै आइएको आलु महोत्सव अघिल्लो वर्ष कोरोना महामारीका कारण प्रभावित भएको र यस वर्ष पनि हुने अवस्था नदेखिएको उहाँले बताउनुभयो ।

विसं २०६६ फागुनमा पहिलो पटक एक दिवसीय प्रथम आलु महोत्सव गरिएको हेमजामा त्यसयता लगातार रूपमा महोत्सव हुँदै आएको छ । आलु खेतीको विस्तार हुँदै जाँदा नार्कअन्तर्गत क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेले यस गाउँलाई औपचारिक रूपमा नै आलु गाउँका रूपमा परिचित गराएको हो । आलु खेतीका साथै व्यावसायिक कृषिमा सर्वसाधारणको आकर्षण बढे पनि राज्यबाट पाउने सेवा सुविधाबाट वास्तविक कृषक अझै पनि वञ्चित हुने गरेको उहाँको भनाइ छ ।

"वास्तविक कृषक राज्यबाट पाउने सेवा सुविधा लिनका लागि सम्बन्धित ठाउँसम्म पुग्नसमेत सक्दैनन्", राष्ट्रिय कृषक महासंघका केन्द्रीय उपाध्यक्षसमेत रहनुभएका पौडेलले भन्नुभयो, "कानूनी र प्रक्रियागत जटिलताका कारण वास्तविक किसान सम्बन्धित ठाउँमा पुग्न नसक्ने अवस्थामा कागजी प्रक्रिया मिलाएर सेवा सुविधा लिनेले भने निरन्तर लिइरहेका छन् ।" वास्तविक कृषकले राज्यबाट सेवा सुविधा प्राप्त गर्न सक्ने किसिमका राज्यका नीतिनियम तथा कानून व्यवहारिक बनाइनुपर्ने उहाँले जानकारी दिनुभयो ।

स्थानीय विष्णुपादुका क्लबले गर्दै आएको महोत्सवले पनि हेम्जाको आलुको चर्चा देश विदेशमा हुने गरेको र देशका प्रमुख शहरमा ब्राण्डिङजस्तै बनिसकेको छ । पछिल्ला वर्षमा बजारमा अन्य स्थानको आलु पनि हेम्जाको आलु भनेर ग्राहकलाई झुक्याएर बिक्री गर्ने गरिएको कृषक बताउँछन् । हेम्जाका साथै लेखनाथ क्षेत्रका गगनगौँडा, मालमूल, राजाचौतारा, बागमारा, अर्मला आदि स्थानमा पनि आलुखेती विस्तार हुने गरेको स्थानीय कृषकले जनाएका छन् ।

एक दशकयता कास्कीको तल्लो गगनगौँडा, मालमूललगायतका स्थानमा कृषक आलु खेतीतर्फ आकर्षित बन्ने गरेका छन् । पोखरा ३२ को सिमाना जोडिएको तनहुँको शुक्लागण्डकी नगरपालिका-१ सेराबँसीलगायतका स्थानमा पनि आलु खेतीतर्फ आकर्षण बढ्दै गएको हंशबाहिनी माविका शिक्षक ठाकुरप्रसाद खनालले जानकारी दिनुभयो। आलुको उत्पादन बढ्दै जान थालेपछि यसतर्फको आकर्षण पनि बढ्दै गएको उहाँको भनाइ छ । जिल्लामा उत्पादित आलु कृषकले थोक मूल्यमा बिक्री गर्दा प्रतिकिलो ३५ रूपैयाँ पाउने गरेका छन् भने खुद्रा मूल्य ४० रूपैयाँ पर्ने गरेको छ । कृषक र उपभोक्ताबीचको दूरीका कारण उपभोक्तासम्म पुग्दा आलुको मूल्य प्रतिकिलो लगभग ५० रूपैयाँ पर्ने गरेको छ ।

जिल्लामा एमएस ४२, कुफ्रज्योति, खुमल लक्ष्मी, जनकदेव, खुमल सेतो र डेजीरे जातका आलु लगाउने गरिएको छ । पछिल्ला वर्षमा एमएस ४२ जातको आलु अत्याधिक रूपमा लगाउने गरिएको छ । कृषि कार्यालयको तथ्याङ्क अनुसार कास्कीका हेम्जालगायतका आलुको राम्रो उत्पादन हुने स्थानमा आलुको उत्पादकत्वप्रति हेक्टर १८ देखि २० टनसम्म हुने गरेको छ । हेम्जामा लगभग ४०० देखि ४२५ हेक्टर क्षेत्रफलमा खेती गरिएको र आलु उत्पादनबाट मात्रै वार्षिक रू २० देखि २१ करोडसम्मको कारोवार हुने गरेको जनाइएको छ। नेपालमा वार्षिक एक लाख ९५ हजार २६८ हेक्टर क्षेत्रफलमा आलुको उत्पादन २७ लाख ३० हजार २९४ मेट्रिक टन छ भने प्रतिहेक्टर उत्पादकत्व १२.४ मेट्रिक टन छ । रासस

# तनहुँ समाज हङकङद्वारा तनहुँका पत्रकारलाई सम्मान

♦ **भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँ समाज हङकङले तनहुँका तीन जना पत्रकारलाई सम्मान गरेको छ । विभिन्न सामाजिक कार्यक्रम सक्रिय समाजले प्रजातन्त्र दिवसको अवसरमा नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष ओमकार आचार्य, उपाध्यक्ष सोनी शर्मा र क्रियाशील पत्रकार सुनिता आचार्यलाई सम्मान गरेको हो । उनीहरूलाई प्रंशसापत्र, दोसल्ला र नगद पाँच हजार रूपैयाँले व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, समाजका निर्वमान अध्यक्ष जंगबहादुर थापा र पूर्व अध्यक्ष भिमराज गुरूङले संयुक्त रूपमा सम्मान गरेका थिए।

पत्रकारसहरूलाई सम्मान गर्दै व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले तनहुँ समाज हङकङले विगतदेखि नै शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा योगदान गर्दै आएको बताए । विदेशमा रहेर पनि आफ्नो मातृभूमिप्रति स्नेह र सदभाव दर्शाउदै सामाजिक बिकासको लागि योगदान गरेकोप्रति समाजलाई न्यौपानेले धन्यवाद व्यक्त गरे ।




त्यस्तै पत्रकार महासंघ तनहुँका अध्यक्ष ओमकार आचार्यले संस्थाको तर्फबाट प्राप्त भएको सम्मानले थप जिम्मेवारीबोध गराएको बताए । समाजमा आवद्ध सदस्यहरूले आफ्नो मेहनतबाट कमाएको केही प्रतिशत समाजिक क्षेत्रमा लगानी गर्नु प्रशंसनीय कार्य भएको आचार्यको भनाई थियो । संस्थाले बिगत १० वर्षदेखि तनहुँको शिक्षा, स्वास्थ्य, खानेपानी लगायतको क्षेत्रमा सहयोग गर्दै आएको समाजका निवर्तमान अध्यक्ष जंगबहादुर थापाले बताए । विभिन्न सिलसिलामा हङकङमा रहेका तनहुँबासीको सक्रियतामा संकलन गरिएको रकमबाट सामाजिक कार्य गर्दै आएको थापाले जानकारी दिए । समाजले हरेक वर्ष जिल्लाका १२ विद्यालयका बहुअपाङ्गता भएका बालबालिकालाई उनीहरूकै आवश्यकता अनुसार सहयोग सामाग्री हस्तान्तरण, क्यामिनको छापथोक, कोटथोक, भिमाद लगायतका स्थानमा खानेपानी आयोजनाको लागि आर्थिक सहयोग, कोभिड न्युनिकरणका लागि तनहुँका १० वटै स्थानीय तहलाई सहयोग गरेको छ।

त्यस्तै, समाजले भानु जन्मस्थल बिकास समितिमा पुस्तकालय, बाढी, पहिरो, भुकम्प लगायतका प्रकृतिक प्रकोपबाट पीडित बनेकालाई सहयोग लगायतका सामाजिक कार्य गरेको र प्रत्येक वर्ष २ जना सञ्चारकर्मीलाई सम्मान गर्ने योजना समेत बनाएको समाजका पूर्व अध्यक्ष भिमराज गुरूङले जानकारी दिए ।




## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

जिल्ला प्रशासन कार्यालय - ५६०१३३
जिल्ला समन्वय समिति - ५६०१७४
जिल्ला प्रहरी कार्यालय -५६०१९९/१००
व्यास नगरपालिका, दमौली - ५६०२३३
नेपाल रेडक्रस सोसाइटी - ५६०१६९
दमौली अस्पताल, दमौली - ५६०२०३
रत्नहरी मे. अस्पताल, दमौली, - ५६०१०२
नेशनल एपोलो हस्पिटल - ५६१८११
एपोलो एम्बुलेन्स ९८४६४३५६११
लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७
जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५
व्यास नगर हस्पिटल : ५६१८१२
एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६
थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४
एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२,
आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४
नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६
नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२
एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१००
टिकट काउण्टर (माइक्रो), ५६०९०६
नेपाली कांग्रेस तनहुँ - ५६०३७५
नेकपा तनहुँ - ५६०१३४
आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६
भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४०

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
विभिन्न भौतिक साधन जुट्नेछन्। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
मनको डर उत्साहमा रुपान्तरित हुनेछ । पढाइमा गुरूजनको मार्गदर्शन उपयोगी हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । सामाजिक दायित्व बढ्नेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
नयाँ जिम्मेवारी सम्हाल्दै दाम र प्रतिष्ठा हातपार्ने बेला छ । यात्राको प्रक्रिया अघि बढ्न सक्छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । अरूको सुझावमा भर नपर्नुहोला ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
केही खर्च लागे पनि नयाँ काममा लगानी गर्ने समय छ । मिहिनेतले प्रतिस्पर्धीहरु पछि पर्नेछन् ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
चुनौतीभित्र अवसर खोज्ने समय छ । नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुन सक्छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
पहिलेको सफलताले हौसला जगाए पनि विवाद तथा मुद्दाहरूमा निकै सजग रहनुपर्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
विशेष काममा जग बसाउने मौका छ । प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् ।

# दमौली अस्पतालमा ......

उपकरण उपलब्ध गराएको छ । अध्यक्ष अधिकारीका अनुसार अस्पतालबाटै आँखाको शल्यक्रिया गर्नका लागि पनि पहल भइरहेको छ । शल्याक्रियाका लागि उपकरण ल्याउन पहल भइरहेको हुँदा आँखाका बिरामीलाई पनि शल्यक्रियाका लागि अन्यत्र जानु नपर्ने गरी काम भइरहेको अध्यक्ष अधिकारीले बताए । अस्पतालमा नयाँ दाँत हाल्ने सेवा पनि थप गर्न लागिएको छ। हाल उक्त बाहेक सबै दाँतका सेवा अस्पतालबाट प्रदान भइरहेको छ। दाँतको उपचारका लागि डिजिटल एक्सरे मेसिन सञ्चालनमा ल्याइएको छ। उक्त मेसिन खरिदका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रकम उपलब्ध गराएको थियो । उक्त मेसिनलाई करिब ५० लाख रूपैयाँ मूल्य पर्ने बताइएको छ ।

त्यस्तै, अस्पतालको उपचार सेवाका विषयमा जानकारी गराउँदै नेत्ररोग विशेषज्ञ डा. सुधा रानाभाटले उपकरण थप गर्न सकिए अस्पतालबाटै शल्यक्रिया सेवा दिन सकिने बताए । दन्तरोग विशेषज्ञ डा. सुनिल सुवेदीले शुरूवाती दिनमा दाँतको सेवा दिन कठिनाई रहेपनि उपकरण थप भएपछि सहज भएको बताउँदै कृत्रिम दाँत हाल्ने व्यवस्था मिलाउन समितिलाई अनुरोध गरिएको बताए।

अस्पतालले हालै प्रसुतीरोग विशेषज्ञको समेत व्यवस्था गरी प्रसुती सेवा समेत शुरू गरेको छ। यसअगाडि पनि अस्पतालमा प्रसुती सेवा सञ्चालनमा रहेपनि विशेषज्ञ चिकित्सकको सरूवा भएपछि उक्त सेवा बन्द हुन पुगेको थियो। कार्यक्रममा दमौली अस्पतालका प्रमुख डा. सुनिल पौडेलले अस्पतालको ल्याबलाई पूर्ण स्वचालित बनाइएको बताए। उनले भने, 'सघन उपचार कक्षा निर्माणको काम अन्तिम चरणमा पुगेको छ । अस्पताल सुधारका धेरै काम भएको हुँदा सर्वसाधारणले सहज रूपमा सेवा प्राप्त गर्न सक्ने अवस्थामा हामी पुगेका छौं।'

अस्पतालमा केही समय अगाडी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २० लाख रूपैयाँ बराबर मूल्यको एनेस्थेसिया उपकरण उपलब्ध गराएको र उक्त उपकरण जडान पश्चात बिना अक्सिजन शल्यक्रिया गर्न सक्ने व्यवस्था भएको पनि प्रमुख डा. पौडेलले जानकारी गराए। यस्तै, १५ शैय्याको अस्पताललाई ५० शैय्यामा स्तरोन्नतिका लागि प्रदेश सरकार मातहत रहेका दुई सरकारी कार्यालयको जग्गा उपलब्ध गराइदिन मुख्यमन्त्रीसंग अनुरोध गरिसकिएको छ। कृषि ज्ञान केन्द्रको स्वामित्वको जग्गा मध्येबाट पाँच रोपनी र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्वामित्वको जग्गा मध्येबाट आठ रोपनी जग्गा अस्पताललाई उपलब्ध गराउन अस्पताल व्यवस्थापन समितिले माग गर्दै आएको छ । अस्पतालले हाल ४२ शैय्यामा सेवा प्रवाह गरिरहेको छ । अस्पतालको स्तरोन्नति गर्न सकिए सरकारी फिजिसियन, सर्जन, बालरोग, प्रसुतिरोगका विशेषज्ञ डाक्टरको दरबन्दी थप हुने बताइएको छ । अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायोलिसस सेवा समेत प्रदान गर्दै आइरहेको छ ।

# हाजिरीजवाफ प्रतियोगिता

♦भञ्ज्याङ समाचारदाता (दमौली)

रोट्र्याक्ट क्लब अफ दमौलीले आयोजना गरेको स्व. राममाया राउत स्मृति दोस्रो अन्तरविद्यालय स्तरीय रोट्र्याक्ट हाजिरीजवाफ प्रतियोगिताको उपाधि आदर्श विद्यागृहले जितेको छ । प्रतियोगितामा दमौली माध्यमिक विद्यालय द्वितीय भएको छ भने बाराही आवासीय माध्यमिक विद्यालय तृतीय भएको छ । १३ वटा विद्यालयको सहभागिता रहेको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने समुहले नगद १८ सय, १२ सय र ६ सयसंगै ट्रफी र प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको थियो। विद्यार्थीको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउने उद्देशले उक्त हाजिरीजवाफ गरिएको क्लबका अध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिए ।




व्यास नगरपालिकाका शिक्षा तथा खेलकुद शाखा प्रमुख नगेन्द्र रेग्मी, रोटरी क्लब अफ दमौलीका प्रथम उपाध्यक्ष जीवन श्रेष्ठ, व्यास नगरपालिकाका शिक्षा अधिकृत नविन पराजुली, एनप्याब्सन तनहुँका अध्यक्ष रामकृष्ण विक, कन्काई माविका प्रधानाध्यापक अमर थापा लगायतले आ–आफ्ना धारणा व्यक्त गरेका थिए।

# व्यासले सडक बोर्डबाट १ करोड १५ लाख ............

भित्रका ७० बर्ष पुगेका ज्येष्ठ नागरिकहरूको आँखा परिक्षण सम्बन्धी ४ दिने शिविर दमौली स्थित बालमन्दिर माध्यमिक विद्यालयमा यही फागुन ११ देखि १४ गतेसम्म सञ्चालन गर्ने गरी स्वास्थ्य शाखा र महिला, बालबालिका तथा समाज कल्याण उपशाखालाई जिम्मेवारी तोकेको छ।

सुरक्षीत आवास कार्यक्रम अन्तरगत व्यास नगरपालिका भित्र पहिलो किस्ता लगि सकेका सेवाग्राहिलाई दोस्रो किस्ता वापत पाउने रकम नगरपालिकामा निकासा प्राप्त भएकाले सम्बन्धित वडा प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन साथै राखि पेश गर्न समेत बैठकले आग्रह गरेको छ ।

# भारतमा एक करोड सात लाख भन्दा बढीले लगाए खोप

♦ रासस/सिन्ह्वा (नयाँदिल्ली)

भारतमा गत जनवरी १६ देखि कोभिड–१९ विरूद्धको खोप कार्यक्रम शुरू भएको छ । सो दिनदेखि हालसम्म एक करोड सात लाख भन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन् । कोरोना भाइरसविरूद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ । यहाँ कोरोना भाइरस संक्रमितको संख्या शुक्रबारसम्म एक करोड ९ लाख ७७ हजारभन्दा बढी पुगेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा १३ हजार ९९३ नयाँ संक्रमित फेला परेपछि कोरोना संक्रमितको संख्या एक करोड ९ लाख ७७ हजार ३८७ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शनिबार जनाएको छ ।

भारतमा गत २४ घण्टामा कोरोना संक्रमणको कारण १०१ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको संख्या एक लाख ५६ हजार २१२ जना पुगेको छ । मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड ६ लाख ७८ हजारभन्दा बढी व्यक्ति संक्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा एक लाख ४३ हजार १२७ जना सक्रिय सङ्क्रमित रहेका छन् । भारतको राष्ट्रिय राजधानी दिल्लीमा बिहीबार १५८ जना थप व्यक्तिमा कोरोना भाइरसका संक्रमण देखिएको छ । बिहीबार कोभिड १९ बाट एक व्यक्तिको मृत्यु भएको छ । यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड–१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले शुक्रबारसम्म देशभर २१ करोड २ लाख ६१ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । बिहीबार एकै दिनमा मात्र सात लाख ८६ हजारभन्दा बढी व्यक्तिलाई कोभिड–१९ परीक्षण गरेको जनाइएको छ ।


## बन्दिपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ । गण्डकी प्रदेश

**भूमि सम्बन्धी जरूरी सूचना**

नेपाल सकारद्वारा गठित भूमि सम्बन्धी समस्या समाधान आयोगद्वारा मिति २०७७/१०/०९ गते प्रकाशित सूचना अनुसार भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि यस गाउँपालिकाका सम्पूर्ण वडाहरूमा तथ्याङ्क संकलकहरू खटाइसकिएको हुँदा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीले आफुले बसोवास वा आवद/कमोत गरेको जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी आयोगद्वारा प्रकाशित ३५ दिने सूचना अनुसार यही २०७७/११/१३ गतेसम्म आ–आफ्ना वडा कार्यालयमा बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको अनुरोध छ ।



'विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर'

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

व्यास नगरपालिकाको हरेक महिना हुने नियमित बैठक अन्तरगत मिति २०७७/११/०७ गते व्यास नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न बैठकका निर्णयहरू ।

(१) व्यास नगरपालिकालाई यस वर्ष सडक वोर्डबाट प्राप्त रू.१,१५,००,०००|– (एक करोड पन्ध्र लाख) र नगरपालिकाको ३०५ लागत सहभागिता समेतबाट वडा नं १,२,३,४,५,७,१०,११ अन्तरगतका सडक, नाला, कल्भर्ट मर्मत स्याहार यसै बर्ष सम्पन्न गर्ने गरी ल.ई गराई स्वीकृतीका लागि सडक विकास वोर्डमा पठाउने निर्णय गरियो ।

(२) विपद् व्यवस्थापन अन्तरगत असार श्रावणमा आएको बाढी पहिरोले क्षती पुर्याएका बाँध, कुलाहरू र खेतहरूलाई पुर्नस्थापना गर्न नगर प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाध्यक्ष र विपद् उपशाखा प्रमुख रहेको एक समिति गठन गर्ने र स्थलगत अध्ययन गरी आवश्यक निर्णय लिन जिम्मेवारी दिने निर्णय गरियो।

(३) गण्डकी प्रदेश सरकारबाट काठेपोल विस्थापन गर्न गत वर्ष प्राप्त स्टिल पोलहरू गाड्न विद्युत प्राधिकरण तनहुँ र शिशाघाट सामुदायीक विद्युतीकरण समितिलाई अनुरोध गर्ने, साथै यस नगरपालिकामा आवश्यक करीव २७०० पोल गण्डकी प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

(४) भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको घरजग्गा दर्ता सम्बन्धमा भए गरेका कार्यहरूको समिक्षा गरीयो, अत्याधिक चाप भएका वडा नं ५,१० र १२ मा जनशक्ति थप गर्ने निर्णय गरियो ।

(५) व्यास नगरपालिका भित्रका ७० बर्ष पुगेका ज्येष्ठ नागरीकहरूको आँखा परिक्षण सम्बन्धि ४ दिने शिविर बालमन्दिर मा.वि दमौलीमा २०७७ फागुन ११ गतेदेखि १४ गतेसम्म सञ्चालन गर्ने गरी स्वास्थ्य शाखा र महिला, बालबालिका तथा समाज कल्याण उपशाखा लाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

(६) सुरक्षीत आवास कार्यक्रम अन्तरगत व्यास नगरपालिका भित्र पहिलो किस्ता लगि सकेका सेवा ग्राहीलाई दोस्रो किस्ता वापत पाउने रकम नगरपालिकामा निकासा प्राप्त भएकाले सम्बन्धित वडा प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन साथै राखि पेश गर्न सम्बन्धित वडाहरूलाई निर्देशन दिने निर्णय गरियो ।

(७) आ.ब २०७७/०७८ को श्रावण देखी माघ मसान्तसम्मको आन्तरिक आय रू.९,२२,१३,९८०/२३ (नौ करोड बाईस लाख तेह्र हजार नौ सय असी र पैसा तेईस) प्राप्त भएको राजश्व उपशाखाबाट वैठकमा जानकारी गराइयो ।



त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त

## आदिकवि भानुभक्त क्याम्पस
विश्वविद्यालय अनुदान आयोग, नेपालबाट गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) मान्यता प्राप्त
व्यास–१, विज्ञानचौर, भादगाउँ, तनहुँ । फोन : ०६५–५६००९६

**स्नातक तहमा भर्ना सम्बन्धी सूचना**

प्रस्तुत विषयका सम्बन्धमा शैक्षिक सत्र २०७७/०७८ को लागि स्नातक तह प्रथम वर्षमा **मानविकी, व्यवस्थापन र शिक्षा** शास्त्र संकायमा वार्षिक प्रणाली तर्फ (BA, BBS, B.Ed.) प्रथम वर्ष र BBA/BICTE प्रथम सेमेष्टरमा भर्ना भई पढ्न इच्छुक विद्यार्थीहरूले क्याम्पस प्रशासनमा सम्पर्क गरी भर्ना आवेदन फारम भर्नु हुन सम्बन्धित सबै विद्यार्थीहरूमा सूचित गरिन्छ।

**नोट :**

१. **आवेदन फाराम वितरण** : २०७७ माघ १२ गतेदेखि ।
२. BA, BBS, B.Ed **को प्रवेश परीक्षा** : २०७७ माघ २६ गते सोमबार बिहान ८ बजे
३. BBA **को प्रवेश परीक्षा** : २०७७ फागुन १ गते शनिबार बिहान ८ बजे
४. BICTE **को प्रवेश परीक्षा** : २०७७ फागुन २५ गते मंगलबार बिहान ११ बजे ।
५. BBA, BA, BBS/B.Ed **को कक्षा सञ्चालन** : २०७७ फागुन ५ गतेदेखि
६. BICTE **को कक्षा सञ्चालन** : २०७७ चैत्र १ गतेदेखि ।

अन्य विस्तृत जानकारीको लागि क्याम्पसमा सम्पर्क गर्नुहुन अनुरोध छ । फोन : ०६५–५९००९६



**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याबः–** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :–** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



## देवघाट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

**व्यक्तिगत घटना दर्ता**




जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तव्य निभाऔं ।



वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७७ फागुन ०९, आइतबार
February 21, 2021



**चौथो भिमाद मेयर कप-२०७७ :** तनहुँको भिमाद नगरपालिकाले आयोजना गरेको 'चौथो भिमाद मेयर कप-२०७७' को खुल्ला वडास्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगितामा प्रतिस्पर्धा गर्दै खेलाडीहरू । नगरपालिकाले 'खेलकुद अनुशासन र राष्ट्रभक्ति-समृद्ध भिमादका लागि स्वास्थ जनशक्ति' भन्ने नाराका साथ आयोजना गरेको प्रतियोगिता आज आइतबार समापन गरिदै छ । *तस्विर : भञ्ज्याङ*

# बस्नेत र ठकुरीको जोडीले पायो मेयर कप व्याडमिन्टनको उपाधि

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

७१औं प्रजातन्त्र दिवसका अवसरमा तनहुँको दमौलीमा व्यास नगर व्याडमिन्टन क्लवले आयोजना गरेको तेस्रो मेयर कप व्याडमिन्टन प्रतियोगिताको उपाधि पोखराका विशाल बस्नेत र प्रनिशसिं ठकुरीको जोडीले जितेको छ। धादिङका सुजन थापा र भिषण श्रेष्ठ जोडीसंग शनिबार भएको फाइनल प्रतिस्पर्धामा ए लेभलतर्फको उपाधि बस्नेत र ठकुरीको जोडीले जितेको हो । फाइनल खेल बस्नेत र ठकुरीको जोडीले २१-१५ र २१-११ को सोझो सेटमा जितेको थियो ।

बि लेभलतर्फ व्यास नगर व्याडमिन्टन क्लवका बिपीन घले र ठगेन्द्र राना प्रथम भएका छन्। उनिहरूले धादिङका राम मल्ल ठकुरी र लक्ष्मण मल्ल ठकुरीको जोडीलाई ११-२१, २१-१३ र २१-१५ को सेटले पराजित गरेका थिए । प्रतियोगिताको सि लेभलतर्फ व्यास नगर व्याडमिन्टन क्लवका सुजित राना र मेख राना प्रथम भएका छन् । उनिहरूले झापुटार व्याडमिन्टन क्लवका अमर थापा र अमर थापाको जोडीलाई १७-२१, २४-२२ र २१-१५ को सेटले पराजित गरेका थिए ।

यस्तै, महिला विधातर्फ व्यास नगर व्याडमिन्टन क्लवका रूवि श्रेष्ठ र सानुमाया श्रेष्ठ प्रथम भएका छन् । उनिहरूले पोखराका अनिता गुरूङ र चन्द्रा छन्त्याललाई २१-१७ र २१-१५ को सोझो सेटले पराजित गरेका थिए । ए लेभलतर्फ बुटवलका राजु थापा र विनोद पौडेल तथा काठमाडौका दिपक राना र सोनाम खपाङ्गी सान्त्वना भए । बि लेभलतर्फ व्यास नगर व्याडमिन्टन क्लवका गोविन्द श्रेष्ठ र सागर थापा तथा चितवनका राजु सापकोटा र विष्णु दवाडी सान्त्वना भएका छन् ।




ए लेभल तर्फ प्रथम हुनेलाई रू ३० हजार, द्वितीय हुनेलाई रू २० हजार र सान्त्वना हुनेलाई रू ६ हजार सहित ट्रफी र मेडल प्रदान गरिएको व्यास नगर व्याडमिन्टन क्लवका अध्यक्ष कुमार गुरूङले बताए । बि लेभलतर्फ प्रथम हुनेलाई रू ३० हजार, द्वितीय हुनेलाई रू २० हजार र सान्त्वना हुनेलाई रू ६ हजार सहित ट्रफी र मेडल प्रदान गरिएको छ । सि लेभलतर्फ प्रथम हुनेलाई रू १५ हजार, द्वितीय हुनेलाई रू दश हजार र सान्त्वना हुनेलाई रू चार हजारा सहित ट्रफी र मेडल प्रदान गरिएको छ । महिला विधामा प्रथम हुनेलाई रू दश हजार र द्वितीय हुनेलाई रू पाँच हजार सहित ट्रफी र मेडल प्रदान गरिएको छ ।

विजेतालाई पुरस्कार वितरण गर्दै व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले खेलकुदले मानिसलाई स्वस्थ बनाउनुका साथै अनुशासित बन्न सहयोग गर्ने बताए । कार्यक्रममा व्यास नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठ, जिल्ला खेलकुद विकास समितिका पूर्व अध्यक्ष यज्ञबहादुर राना, व्यास नगरपालिका-१० का वडाध्यक्ष तुलसीराम सापकोटाले खेलकुदको विकासका लागि स्थानीय सरकार प्रतिबद्ध रहेको बताएका थिए ।

# म्याग्दे समाज दमौलीमा मनिराज

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

म्याग्दे समाज दमौलीको प्रथम अधिवेशनले मनिराज थापाको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा क्या. तारा मल्ल, सचिव विकास खनाल, सहसचिव कमला वाग्ले, कोषध्यक्षमा रमा वाग्ले चयन भएका छन् ।

यस्तै समाजका सदस्यहरुमा हरिश्चन्द्र वाग्ले, सुकनारायण मल्ल, राजकुमार श्रेष्ठ




विवि, वलराम वाग्ले, शेरकुमार कायस्थ र देवी पौडेल खनाल रहेका छन् ।

उक्त अधिवेशन समारोहलाई सम्बोधन गर्दै ब्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले समाज गठन हुनु आँफैमा सकारात्मक काम भएको र अन्य पालिकाका मानिसहरूलाई समेत एकजुट हुन शन्देस दिएको बताए ।

समाजका अध्यक्ष भाग्यशाली ढुंगानाको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति तनहुँका उपप्रमुख पवित्रा पौडेल, म्याग्दे गाउँपालिकाका अध्यक्ष मायादेवी राना, ब्यास नगर पालीकाका उपप्रमुख मिरा जोशी, म्याग्दे गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरे, रामकृष्ण विक लगायतका बक्ताहरूले शुभकामना व्यक्त गरेका थिए ।

**वर्डफ्लु लगायतका रोगबाट बच्न तथा बचाउन निम्नानुसारका जैविक सुरक्षाका उपायहरु अपनाऔं :**

- पशुपंक्षी खरीद गर्दा श्रोत एकीन गरी मात्र खरीद गरौं ।
- खरीद गरी ल्याइएका पशुपंक्षीलाई आफूसगँ रहेका पशुपंक्षीहरूसँग नमिसाई कम्तीमा पनि ७ दिन छुट्टै स्थानमा राखौं ।
- पंक्षी पालन गरिएको क्षेत्र नजीक जंगली पंक्षीहरु आकर्षित हुने वातावरण नबनाऔं ।
- पशुपंक्षी पालन गरिएको गोठ तथा खोरहरूमा बाहिरका मानिसहरूलाई अनावश्यक आवत जावत गर्न नदिऔं ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**facebook twitter**



**करुणा**
twitter.com/karunakcdotel12
शरीर सधै स्वस्थ रहोस अमुल्य उपहार पाए भन्ने ठान सन्तुष्टिमा जीवन बितोस धनसम्पति अथाहा छ भन्ने कुरा जान । कर्तव्य र दृढ ईच्छा तिमि मा आफुलाई सफल मान्छे भएभन्नेठान ठुला बडाको आशिक जबसम्म तिम्रो शिरमा हुन्छ, सफल भएको मान ।



**बिम्बा**
twitter.com/Swoopneel2
जब फूलको कोपिलाले फक्रिएपछि पूर्णता पाउँछ त्यसको सुन्दरता पनि बढ्छ । त्यस्तै मान्छेले पनि जब प्रेम महशुस गर्न थाल्छ तब ऊ आफूलाई संसारको सबैभन्दा सुन्दर व्यक्ति ठान्छ ।



**विनय क्षेत्री**
twitter.com/BINAYCHHETRI16
हमेशा, हाम्रो जीवनमा आउने दु:खद परिस्थिति र सुखद समय सधै भरी रहिरहदैन, त्यसैले हामी दुबै परिस्थितिमा संयम बनेर अगाडी बढ्नुपर्छ ।

# गणित शिक्षा परिषद् तनहुँमा नयाँ नेतृत्व

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

गणित शिक्षा परिषद् तनहुँको छैटौं जिल्ला अधिवेशनले नरेन्द्रनाथ न्यौपानेको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ । परिषद्को उपाध्यक्षमा श्रीकान्त घिमिरे, सचिव कृष्णप्रसाद तिवारी, सहसचिव राजु ढकाल, कोषध्यक्ष पम्फादेवी श्रेष्ठ र सह कोषाध्यक्ष रामकाजी श्रेष्ठ चयन भएका छन् । यस्तै समितिका सदस्यहरूमा राधा घिमिरे, मोहन बस्ताकोटी, बेदबहादुर थापा र प्रकाश ज्ञानेन्द्र न्यौपाने र भोजराज कोइराला, गण्डकी प्रदेश समितिका सचिव शरदचन्द्र खनाल, परिषद्को भक्तपुर जिल्ला समितिका अध्यक्ष कृष्ण गोसाई, नेपाल शिक्षक महासंघ तनहुँका अध्यक्ष रामचन्द्र पोखरेल (आरसी), परिषद्का पूर्व जिल्ला अध्यक्ष रामचन्द्र बगाले, नेपाली विषय समितिका अध्यक्ष रूक्मिणी पौडेल लगायतले गणित शिक्षाको जग कमजोर भएको बताउँदै यसको सिकाई उपलब्धि बढाउन आधारभूत तहदेखि नै सिकाई सहजीकरणमा सुधार गर्दै जानुपर्ने




काफ्ले छन् । अधिवेशनले परिषद्को केन्द्रीय प्रतिनिधिमा सन्तोष न्यौपाने, अनिल श्रेष्ठ, ठाकुरप्रसाद खनाल, हरिश्चन्द्र घिमिरे र मिनबहादुर कार्कीलाई चयन गरेको छ भने प्रदेश प्रतिनिधिमा रविराज पोखरेल, कृष्णबहादुर महत, सोमलाल रिमाल र गजेन्द्र पौडेललाई चयन गरेको छ भने निर्वाचन आयुक्तमा ज्ञानेन्द्र पण्डित र बेदनाथ पोखरेल रहेका थिए ।

अधिवेशनको उद्घाटन समारोहमा गणित शिक्षा परिषद्का केन्द्रीय महासचिव रमेशप्रसाद अवस्थीले संस्थाले दाताको सहयोग भन्दा पनि आफ्नै साधनस्रोतको उपयोगबाट गणित शिक्षाका समस्या समाधान गर्दै जानेगरेको बताए । संघीय सरकारलाई विषयगत जायज मागहरु राखिए पनि राज्यले त्यसको उचित सम्बोधन नगरेको धारणा व्यक्त गरे।

कार्यक्रममा गणित शिक्षा परिषद् तनहुँका संस्थापक अध्यक्ष रमेशचन्द्र हड्खले, परिषद्का केन्द्रीय सदस्यद्वय बताएका थिए।

नवनिर्वाचित अध्यक्ष न्यौपानेले परिषद्को पालिकास्तरीय संगठन बिस्तार गर्दै जिल्लाभर परिषद्का कार्यक्रम पुर्‍याउने प्रतिवद्धता व्यक्त गरेका थिए । परिषद्का तनहुँ जिल्ला अध्यक्ष सन्तोष न्यौपानेको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन सचिव नरेन्द्रनाथ न्यौपाने, स्वागत उपाध्यक्ष अनिल श्रेष्ठ, धन्यवाद ज्ञापन सहसचिव कृष्णप्रसाद तिवारीले गरेका थिए। उक्त अवसरमा परिषद्का विभिन्न कार्यक्रममा सहयोग गरेका विद्यार्थी पुस्तक पसल गणेशमानचोकका प्रोपाइटर ताराराम श्रेष्ठ र रिडमोर पब्लिकेशनका बजार प्रतिनिधि बसुन्धरा घर्तीलाई सम्मान गरिएको थियो । त्यस्तै मावि प्रथममा बढुवा भएका शिक्षक शरदचन्द्र खनाल, मावि द्वितीयमा बढुवा भएका ज्ञानेन्द्र न्यौपाने र निमावि द्वितीयमा बढुवा भएका राजु ढकाललाई सम्मान गरिएको थियो।

# निर्मल माविको वार्षिकोत्सव

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँको व्यास-१ स्थित निर्मल माध्यमिक विद्यालयले ५२औं वार्षिकोत्सव एवं अभिभावक सम्मेलन सम्पन्न गरेको छ । व्यास-१ का वडाअध्यक्ष खरसिं दरैले वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै समयानुकूल प्राविधिक र सीपमुलक शिक्षाका लागि विद्यालयले महत्वपूर्ण भूमिका खेल्दै आएको चर्चा गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तम बहादुर दरैको अध्यक्षतामा आयोजित कार्यक्रममा विद्यालयका प्रधानाध्यापक गणेशचन्द्र बस्नेतले वार्षिक प्रतिवेदन सार्वजनिक गरेका थिए।

यस्तै, कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक शिवलाल पन्थ, विद्यार्थी प्रतिनिधीहरू पूजन रानाभाट, आर्यन न्यौपाने, आइसा पन्थ, पूर्व विद्यार्थी निर्दोस भट्टराई, अभिभावकको तर्फबाट सम्झना परियार, शिक्षकहरूको तर्फबाट महेन्द्र न्यौपाने, शिक्षक अभिभावक संघका अध्यक्ष सिर्जना तिवारी, वडा सदस्या चुडामणी दाहाल, पूर्व प्र.अ. कृष्णराज वाग्ले लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

यस्तै, सो अवसरमा विद्यालयमा विभिन्न विधामा छात्रवृत्ति एवं पुरस्कार, पाठ्यपुस्तकको रकम वितरण गरिएको थियो भने विद्यार्थीहरूले विविध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेको शिक्षक लोकराज सेढाईले जानकारी गराए।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का, सल्लाहकार : विश्वबन्धु भण्डारी ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४